## मिति:२०७५।०२।१६ गते नगर कार्यपालिकाको बैठकको निर्णय

**प्रस्ताव नं. १ : योजना तर्जुमाको तयारी सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७५/७६ का लागि योजना तजुमा गर्नका लागि प्रत्येक वडाले वडा भित्रका गाउँ/गाउँ, बस्ती/बस्ती बाट भेला गराई योजना छनौट गरी यही २०७५/२/२७ गते आइतबार भित्र पेश गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. २ विरोध गर्ने स्थान तोक्ने सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका भित्र कुनै पनि विरोध जुलुस धर्ना र अन्य विरोधका कार्यक्रमहरु गर्न तपसिलको स्थान तोक्ने निर्णय गरियो।

**तपसिल :**

१. बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय अगाडीको चउर

२. वडा नं. ९ इमिलियाको चउर

**प्रस्ताव नं. ३ : दुविया, मानपुर र महुवाको स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाका अन्तर्गत वडा नं. ३ दुविया, वडा नं. ६ मुहवा वडा नं. ७ महुवामा स्वास्थ्य चौकी भवन नभएको भएका भवन पनि जिर्ण भई कार्य सञ्चालन गर्न कठिन भएको र निर्माणका लागि नगरपालिकामा रकम नभएकोले उक्त वडाका स्वास्थ्य चौकी निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : IEE TOR को स्वीकृत सम्बन्धमा।**

निर्णय नं. ४ नदीजन्य पदार्थको संकलन कार्यको लागि स्थानीय खोलाहरूबाट निकासी हुने यस बुद्धभूमी नगर कार्यपालिकाबाट तैयार भएको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन कार्यविवरण (IEE TOR) को स्वीकृतका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : यस नगरकार्यपालिका अन्तर्गत रहेका निर्माणको ठूला उपकरणहरू सञ्चालन, व्यवस्थापन निर्देशिका सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा निर्माणका ठूला यान्त्रिक उपकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५ लागि यस कार्यपालिसाले तयार गरेको गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ : केन्द्र तोकेको सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिकाको केन्द्र र अन्तरगतका वडा कार्यालयहरुको केन्द्र तोकेको विषयमा कुनैपनि विवाद नरहेको जानकारी सहित निर्णय गरियो।

**प्रस्ताव नं. ७ : म्याद थप सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा योजना कार्यान्वयनका क्रममा टेण्डरबाट सञ्चालन भएका योजनाहरुको निर्माणको क्रममा विवादका कारण बिलम्व भएको भनी सम्बन्धित वडाबाट सिफारिस भई आएमा सो अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : सहभागी गराउने सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा कार्यपालिका सदस्यहरुलाई सम्बन्धित वडामा प्रत्येक निर्णय बैठकहरुमा आमान्त्रितको रुपमा बेलाई सहभागी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस बर्षको हावाहुरीले बस्ने बस्ने बास नै क्षति भई संकटमा परेका तपसिल बमोजिम व्यक्तिहरुलाई तपसिल बमोजिमको रकम दैवि प्रकोप शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल :**

१. बुद्धभूमी -२ पशुपति नगर बस्ने विन्दु खनाल – रु. ५०००।–

२. बुद्धभूमी -१० बस्ने मानमति मल्लाह – रु. १०,०००।–

**प्रस्ताव नं. १० : उच्च अदालत तुल्सीपुर बुटवल इजालसको मुद्दा नं. ०७४ - WO - ००६९ सम्बन्धमा ।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा श्री उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा जिल्ला अर्घाखाँची सिद्धारा गा.वि.स. वडा नं. ३ घर भई हाल जिल्ला कपिलवस्तु बुद्धभूमी नगरपालिका वडा नं. ९ बस्ने श्री देवि प्रसाद बेल्बासेले यस नगरपालिका समेत उपर उत्पेषण मिश्रित निषेधाज्ञा (०७४ -WO-००६९) को रिट निवेदन दिनु भएकोमा त्यसको लिखित जवाफ यस नगरपालिका नगर कार्यपालिकाको तर्फबाट नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूले लगाउने र उक्त लिखित जवाफका लागि वहाँले वारेस मुकरर गर्न सक्नु हुनेछ भनी निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख